ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेतरीया, मोरङ
प्रदेश नं. १, नेपाल

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. :

कृषि विकास शाखा

तेतरिया,मोरङ
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**

प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०४/२९ गते

प्रस्ताव दर्ता गर्ने अन्तीम मितिः २०७९/०५/१३ गते कार्यालय समय भित्र

यस ग्रामथान गाउँपालिकाको आ.ब. २०७९/०८० को कृषि विकास शाखाको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार समानिकरण अनुदान तर्फ र संघिय सःशर्त तर्फको कार्यक्रमहरु कार्यान्वयनका लागि तोकिए बमोजीमका शर्तहरु पालना गर्ने गरी गा.पा.मा रहेका तपशिल बमोजिमका साझेदारहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यलय समयभित्र) कृषि ब्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७), वा "ग्रामथान गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि,२०७७" बमोजीम तोकिए अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ । साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावहरु छनौट कार्यमा समावेश नहुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । उक्त कार्यक्रम सम्बन्धी थप जानकारीको लागी ग्रामथान गाउँपालिका कृषि विकाश शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिलः

| क्र.सं | कार्यक्रम/आयोजनाको नाम | संख्या/परिमाण | अनुदान रकमको सीमा र प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धीत साझेदारहरु | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषक/कृषक समूह मागमा आधारीत तरकारी बीउ (टमाटर, खुर्सानी, काउली, बन्दा, रायो, भाण्टा र प्याज बीउ) ५० प्रतिशत साझेदारी वितरण कार्यक्रम | माग संकलन तथा इष्टिमेको आधारमा | अधिकतम ५० प्रतिशत | कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारी, सामूदायीक बीउ बैंक, उपभोक्ता समिति | | नेपाल सरकार समानीकरण अनुदान |
| २ | हिउँदे मकै बीउ वितरण ५० प्रतिशत अनुदान साझेदारी कार्यक्रम | | | | | |
| ३ | प्रस्तावनामा आधारित च्याउ खेती प्रवर्दन कार्यक्रम (च्याउ घर निर्माण, बिउ बिजन, पराल काट्ने | | | | | |

कुमार माझी
प्रमुख

कुमार साह
शाखीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपकरण, बीउ वा अन्यमा ५० प्रतिशत अनुदान) | | | | | |
| ४ | प्राङ्गारीक मल, जैविक मल/बिषादी तथा शुक्ष्मतत्व वितरण साझेदारी कार्यक्रम ७५ प्रतिशत अनुदान | | अधिकतम ७५ प्रतिशत | | | |
| ५ | तेलहन बाली अन्तर्गत तोरी र सरस्यूँ ७५ प्रतिशत अनुदानमा साझेदारी वितरण कार्यक्रम | | | | | |
| ६ | आ.ब.२०७८/०७९ मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता | १ | PIM म्यानुअल बमोजिम | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, जल/वन उपभोक्ता समिति, कृषि फर्म वा कम्पनीहरु | २० हेक्टर वा ३० बिघा | संघिय सःशर्त अनुदान |
| ७ | आ.ब. २०७९/०८० मा नयाँ तेलहन बाली पकेट विकास कार्यक्रम सञ्चालन | १ | | | २० हेक्टर वा ३० बिघा | |

<u>निवेद साथ पेश गर्नुपर्ने आवस्यक कागजातहरुः-</u>

१.) रु. १०/- को टिकट टाँस सहितको तोकिएको ढाँचा बमोजिम निवेदन ।

२.) कृषकको नागरिकता र जग्गा धनी लालपुर्जा प्रतिलिपी ।

३.) कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता संस्था प्रमाण-पत्र/नविकरण/स्थायी लेखा नं प्रमाण-पत्र।

४.) आफ्नो जग्गा नभएमा जग्गा लिज कागजात वा ठेक्कामा लिएको ५ बर्षे सम्झौता पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राखुपर्नेछ ।

५.) निजी फर्मको हकमा गत आ.ब. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपी।

६.) निजी फर्मको हकमा गत आ.ब. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धीत स्थानीय तहको प्रमाण ।

७.) प्रतिबद्धता पत्र

८.) निर्णय प्रतिलिपी

९.) सम्बन्धित वडा कार्यालयको सिफारीस ।

...................
सुरेन कुमार माझी
कृषि शाखा प्रमुख

...................
मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सुचना प्रविधि शाखा, सुचना वेब साईटमा राखिदिनुहुन ।

वेबसाइटः http://gramthanmun.gov.np/ इमेल : ito.gramthanmun@gmail.com